# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०८१।०४।१६ गते।

## प्रेस विज्ञप्ति

**विषयः** अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत काठमाडौंमा दायर भएका मुद्दाहरु मध्ये प्रतिवादी लक्ष्मण रानासमेत रहेको भ्रष्टाचार मुद्दामा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दा।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत, काठमाडौंमा दायर भएका मुद्दाहरुमा विशेष अदालतबाट बिभिन्न मितिमा फैसला भएका मध्ये प्रतिवादी लक्ष्मण रानासमेत रहेको सार्वजनिक सम्पत्ति हानिनोक्सानी गरी भ्रष्टाचार गरेको सम्बन्धी मुद्दामा आयोगको निर्णय अनुसार मिति २०८१।०४।१६ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको बिबरण देहायानुसार रहेको छ।

प्रवक्ता

नरहरि घिमिरे

<u>देहायः</u>

| सि.न | प्रतिवादीहरु | मुद्दा | आयोगको मागदावी | विशेष अदालतको फैसला र आधार | आयोगबाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | **लक्ष्मण राना समेत** (वि.अ. को( मुद्दस.नं. ०७९-CR-०१७६ वि.अ. को फैसला मिति २०८०।०८।०४) | सरकारी अनुदान रकम हिनामिना गरी भ्रष्टाचार गरेको। | जिल्ला कञ्चनपुर, लालझाडी गाउँपालिका वडा नं. ४ स्थित बैजनाथ बहुभाषिक आधारभुत विद्यालय डाङजाईको फिल्डबुक कायम भइ विद्यालयको हाता भित्र रहेको जग्गा समथर बनाउँदा र पोखरी निर्माण गर्दा प्रतिवादीहरुले माटो हिनामिना / हानि नोक्सानी गरेकोले प्रतिवादीहरु लक्ष्मण राना र सुरेन्द्र बहादुर बोहराले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुर गरेको हुँदा निज प्रतिवादीहरुलाई बिगो रु.७,२९,५१४ । ५० कायम गरि सोही ऐनको दफा १७ ले निर्देश गरे बमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिबाना गरी सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (ङ) बमोजिम कैद सजाय हुन र सोही ऐनको दफा १७ बमोजिम बिगो रु. ७,२९,५१४ । ५० निज प्रतिवादीहरुबाट असुल उपर हुन र प्रतिवादीहरु राजेन्द्र बहादुर भाट र धन बहादुर बिष्टले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरको नगदी जिन्सी सुविधा प्राप्त गर्ने मतियार भई सोही ऐनको दफा २२ को | **१. फैसलाः**<br>तथ्य प्रमाणबाट प्रतिवादीहरुले विद्यालयको हाता भित्र रहेको जग्गा समथर गर्दा र पोखरी खन्दा माटो बिक्री बितरण गरी विद्यालयलाई हानी नोक्सानी गरेको वस्तुनिष्ठ प्रमाणबाट पुष्टी भएको नदेखिंदा प्रतिवादीहरु लक्ष्मण राना र सुरेन्द्र बहादुर बोहराले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुर र प्रतिवादीहरु राजेन्द्र बहादुर भाट र धन बहादुर बिष्टले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरको मतियार भई सोही ऐनको दफा २२ को प्रतिबन्धात्मक व्यबस्था बमोजिमको कसुर गरेको भन्ने आरोप दावी पुष्टि हुन आएको नदेखी आरोपपत्र पुष्टि भएको नदेखिँदा प्रतिवादीहरु लक्ष्मण राना, सुरेन्द्र बहादुर बोहोरा, धन बहादुर बिष्ट, राजेन्द्र बहादुर भाटले अभियोग मागदाबीबाट सफाई पाउने भन्ने मिति २०८०/०८/०४ मा बिशेष अदालतबाट भएको फैसला ।<br><br>**२. विशेष अदालतले फैसला गर्दा लिएका मुल बुदा एबं आधारहरु :**<br>क) बैजनाथ बहुभाषिक आधारभुत विद्यालयको नाममा फिल्डबुक कायम भइ विद्यालयको भोगमा करीब ५-०-० बिगाहा जग्गा भएको साविक श्री देखतभुली गाउँ विकास समितिको पत्रको बेहोरा समेतबाट देखिन्छ । विद्यालय व्यवस्थापन समितिले मिति २०७६।०७।०४ मा विद्यालयको मातहतमा रहेको जमिनलाई कृषि योग्य बनाउन समथर गराउनु पर्ने भएकोले डाँडाको माटो फिलिङ गरी समथर मैदान बनाउने भन्ने समेत निर्णय गरेको ।<br><br>ख) जग्गामा समथर गरी माटो फिलिंङको कार्य गर्ने प्रयोजनका लागि माटो सम्याउने जिम्मा प्रतिवादी धन बहादुर बिष्टलाई दिएको तथ्यमा विवाद देखिदैन । यसैगरी विद्यालय व्यवस्थापन समितिको मिति २०७७।११।१६ गते बसेको बैठकको निर्णय अनुसार विद्यालयको चलनभोग क्षेत्र भित्रको जग्गामा कार्यालय भन्दा दक्षिण तर्फ अ. एक विगाह क्षेत्रफलमा पोखरी निर्माण गर्ने भन्ने समेतको निर्णय भएको मिसिल सम्लग्न कागजबाट देखिन्छ । पोखरी खन्ने जिम्मा प्रतिवादी राजेन्द्र बहादुर भाटलाई दिएको तथ्यमा समेत विवाद देखिदैन ।<br><br>ग). विद्यालयको जमिन उचो निचो खाल्डा खुल्डी भएको भन्ने सो | क) प्रस्तुत मुद्दाको मिसिल कागजात हेर्दा; श्री बैजनाथ बहुभाषिक आधारभूत विद्यालय व्यवस्थापन समितिका तत्कालीन अध्यक्ष लक्ष्मण रानाले तत्कालीन विद्यालय ब्यबस्थापन समितिको अध्यक्ष रही विद्यालय ब्यबस्थापन समितिको मिति २०७६/०७/०४ गतेको विद्यालय मातहतमा रहेको जग्गा समथर बनाउने र मिति २०७७/११/१६ गतेको सोही जग्गामा पोखरी निर्माण गर्ने समेतको निर्णय निजकै अध्यक्षतामा बसेको वैठकबाट हुनगई कार्यान्वयन भएको, शिक्षा ऐन, २०२८ को दफा १२ बमोजिम विद्यालयको संचालन, रेखदेख तथा ब्यबस्थापन समेतको कार्य गर्नको लागि विद्यालय ब्यबस्थापन समितीलाई जिम्मेवार तुल्याएको, विद्यालय ब्यबस्थापन समितिको अध्यक्षले विद्यालयको भौतिक सम्पत्ति समेतको संरक्षण गर्नुपर्ने, हिनामिना र हानि नोक्सानी हुन/गर्न नदिनुपर्नेमा सो कार्य समेत यथोचित तवरबाट भएको पाईदैन। सार्वजनिक संस्थाका निर्माणका दुवै निर्माण कार्यमा सार्वजनिक खरिदसंग सम्बन्धित प्रचलित कानुनहरुलाई परिपालना नगरेको। निजले आफ्नो बयानमा माटो बिक्री गरी रकम हिनामिना/हानिनोक्सानी गरेको सम्बन्धमा थाहा नभएको भनी लेखाई दिएको भए तापनि निजले गरेको उक्त वयानमा प्रतिवादी राजेन्द्र बहादुर भाटले पोखरी निर्माण वापत माटो ट्रलीमा लगेको हो, माटो लगेवापत कुनै प्रकारको रकम दिएको छैन भन्ने समेत अनुसन्धानमा लेखाई दिएको। निज प्रतिवादीले माटो लगेको देख्दादेख्दै पनि बिद्यालयको सम्पत्ति संरक्षण गर्नुपर्ने आफ्नो पदीय जिम्मेवारीबाट विमुख भई ईटा उद्योगका मेनेजर राजेन्द्र वहादुर भाट र धन बहादुर विष्टसंग मिलेमतो गरी पोखरी निर्माण समेत गर्दा निस्किएको माटो बिद्यालय भन्दा बाहिर लगिएको माटो बिक्री भै हिनामिना/हानिनोक्सानी गरी भ्रष्टाचार गरेको सबूद प्रमाणबाट स्थापित भएको देखिएको।<br>ख) विद्यालय मातहतको जमिन समथर गर्दा र पोखरी निर्माण गर्दाको जम्मा २४३१७.१५ घनमिटर माटो विद्यालय हाता भित्र नपाईएको पुष्टि भइसकेको परिप्रेक्ष्यमा उल्लिखित परिमाणको माटो के कति कारणबाट फेला नपरेको हो? प्रतिवादीहरु कोही कसैले प्रष्ट |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | प्रतिबन्धात्मक ब्यबस्था बमोजिमको कसुर गरेको हुँदा सोही ऐनको दफा २२ को प्रतिबन्धात्मक वाक्यांशको प्रावाधान बमोजिम मुख्य प्रतिवादीलाई हुने सजाय सरह निज प्रतिवादीहरुलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ ले निर्देश गरे बमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिबाना र सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिम कैद सजाय हुन र सोही ऐनको दफा १७ बमोजिम बिगो रु.४,११,६०६ ।- प्रतिवादी राजेन्द्र बहादुर भाटबाट र बिगो रु.३,१७,९०८।५० निज प्रतिवादी धन बहादुर बिष्टबाट असुल उपर गरी पाउँ भन्ने मुख्य आरोप मागदाबी लिइएको। | विद्यालयका लेखापाल चन्द्रकृष्ण राना समेतको बयान कागजबाट देखिन्छ । डाँडाको माटो फिलिङ गरी समथर मैदान बनाउने भन्ने विद्यालय व्यवस्थापन समितिको मिति २०७६।०७।०४ गतेको निर्णयबाट नै विद्यालयको उक्त जग्गा खाल्डा खुल्डी रहेको भन्ने तथ्य स्थापित भएको देखिन्छ ।<br><br>घ). विद्यालयको हाता भित्र रहेको जग्गा समथर बनाउँदा र पोखरी निर्माण गर्दा माटो हिनामिना गरेको नभइ खाल्डा खुल्डीमा हालेको र पोखरीको डिलमा हालेको, माटो बिक्री बितरण गरेका छैन भन्ने प्रतिवादीहरुको अधिकार प्राप्त अधिकारी समक्ष आरोपित कसुरमा इन्कार रही बयान गरेको। अदालतमा उपस्थित अन्य प्रतिवादीहरुले समेत सोही बेहोराको बयान गरेको।<br><br>ङ). प्रतिवादीहरुका इन्कारी बयानलाई समर्थन गरी प्रतिवादीहरु लक्ष्मण राना र राजेन्द्र बहादुर भाटको साक्षी परवेश रानाले बकपत्र गरिदिएको पाइन्छ । सो बकपत्रको वेहोरामा विद्यालयको पोखरी निर्माण हुनुभन्दा पहिले ठुला ठुला खाडलहरु रहेको, पोखरी निर्माण गरेको र जमिन समथर गरेको आफैले देखेको, उक्त स्थानको माटो कतै लगेको नभइ खडल पुर्ने, पोखरी निर्माण गर्ने र जमिन समथर पारेको हो । कुनै पनि परिमाणमा माटो हिनामिना भएको छैन, माटो विद्यालयको परिसरबाट कतै लगेको नदेखिएको। पोखरीको डिल निर्माण गरेको हो भनी उल्लेख गरेको।<br><br>च). विद्यालयको लेखापाल चन्द्रकृष्ण राना, विद्यालय व्यवस्थापन समितिका सदस्यहरु हेमराज राना (शिक्षक प्रतिनिधि), बन्धोकुमारी राना, दिलबहादुर रानासमेतले पोखरी खन्दा र समथर गर्दा माटो बिक्री बितरण भएको छैन भनी बयान कागज गरेको।<br><br>छ). वादी नेपाल सरकारका साक्षी कुबेर बहादुर बम तथा अमर सिंह धामीले समेत बकपत्र गर्दा प्रतिवादीहरुले विद्यालयको हाता भित्र रहेको माटो हिनामिना गरेको भनी किटान गरेको देखिन आउँदैन । निजहरुले बकपत्रमा चार वटा पोखरी निर्माण भएको तर खनेको माटो बेचबिखन भयो वा हिनामिना भयो सो विषयमा जानकारी नभएको भनी लेखाएको देखिएको ।<br><br>ज). यसरी विद्यालयको भोगमा रहेको जग्गा समथर नभइ खाल्डाखुल्डी, अग्लो होचो भएको, सो जग्गालाई संम्याइ कृषियोग्य बनाउने उद्देश्य लिइ विद्यालय व्यवस्थापन समितिको निर्णय अनुसार जमीन सम्याउने | खुलाउन सकेको पाईदैन। काम सुरु त ती सबै प्रतिवादीहरूका संयुक्त प्रयासमा भएकोमा बिवाद देखिँदैन। विद्यालय ब्यबस्थापन समितिका तत्कालीन अध्यक्ष निज लक्ष्मण रानाले बिद्यालयका प्राधानाध्यापक सुरेन्द्र बहादुर बोहरालाई दिएको आदेशानुसार नै निज प्राधानाध्यपकले ईटा उद्योगका मेनेजर राजेन्द्र वहादुर भाट र धन बहादुर विष्टलाई माटो कटान र बिक्री गरेको तथ्य खण्डहर बनेको Site को अबस्था, बिद्यालयको पूर्ववत् जमिनको बनोटबाट तथा संलग्न फोटो, स्थलगत मुचुल्का र प्रतिबादी राजेन्द्र बहादुर भाटले गरेको बयान, बिना भुक्तानी खनजोत भएको माटोको आयातन (volume) साइटबाट बाहिरिनु वा गायब हुनु नै गैरकानूनी तवरबाट माटो बिक्री भएको स-प्रमाण पुष्ट्याई हुन आएको देखिन्छ। उल्लिखित सबूद प्रमाणको उचित मूल्याङ्कन नगरी भएको फैसला बदरभागी रहेको।<br>ग) विद्यालयले आफ्नो आन्तरिक श्रोतबाट पोखरी समेतको निर्माण गरेको भने तापनि विद्यालय ब्यबस्थापन समितिका अध्यक्ष समेतका प्रतिबादीहरुले पोखरी समेतको निर्माण कार्य पूरै अनुदानमा गरिदिएको भन्ने समेतको ब्यहोरा बयान कागजमा लेखाईदिएबाट सो कुराको पुष्टि मिसिल संलग्न कुनै पनि कागजातबाट भएको पाईदैन। निजले विद्यालयको के, कुन श्रोतबाट के, कति रकम खर्च हुनगई सो रकम के, कसरी रकम भुक्तानी भएको हो खुलाउन सकेको समेत देखिँदैन। अख्तियार दुरुपयोग अनुसंन्धान आयोगबाट खटिएको प्राविधिक कर्मचारी समेतको टोलीले पेश गरेको प्रतिवेदन बमोजिम जमिन समथर बनाउँदा र पोखरी निर्माण गर्दाको जम्मा २४३१७.१५ घनमिटर माटो निर्माणस्थलमा नपाईएको भनी उल्लेख गरेको पाईएकोमा उक्त परिमाणको माटो के कुन कारणबाट विद्यालयको हाताभित्र फेला नपरेको हो, बिश्वासप्रद ढंगको जवाफ पेश गरेको पाईदैन। स्थलगत मुचुल्कामा सहीछाप गर्ने सहायक वन अधिकृत अमर सिह धामी र प्रबिधिक कुबेर बहादुर बमले आफ्नो मुचुल्काको ब्यहोरा समर्थन सहित पुष्टि हुने गरी बकपत्र गरेको अबस्थामा पनि सो मुचुल्काको ब्यहोरालाई प्रमाण ऐन, २०३१ को दफा १८ बमोजिम प्रमाणमा लिनुपर्नेमा प्रमाणमा नलिई अनदेखा गरेको देखिएको छ। साथै प्रतिवादीमध्येका प्राधानाध्यापक सुरेन्द्र बहादुर बोहरा र बिद्यालय व्यवस्थापन समितिका अध्यक्ष लक्ष्मण रानाको मौकाको बयानलाई प्रमाण ऐन, २०३१ को दफा ९(१) बमोजिम प्रमाणमा लिन सकिनेमा सो |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | काम भएको तथा विद्यालयको आय आर्जन बढाउनका लागि माछा पोखरी खन्ने कामसम्म भएको स्थिति मिसिल संलग्न कागज प्रमाण र पेश भएका तस्वीर समेतबाट देखिएको ।<br><br>झ). प्रतिवादीहरुले बदनियतका साथ माटो सम्माउने तथा पोखरी खन्ने काम गरेको भन्ने कुनै वस्तुनिष्ठ आधार नदेखिदा प्रस्तुत मुद्दाका तथ्य र प्रमाणहरुबाट प्रतिवादीहरुले विद्यालयको जग्गा सम्याउदा निस्केको माटो बिक्री बितरण गरी विद्यालयलाई हानि नोक्सानी गरेको भन्ने आरोप दाबी पुष्टी भएको देखिएन ।<br><br>ञ). यस मुद्दाका तथ्य प्रमाणबाट प्रतिवादीहरुले विद्यालयको हाता भित्र रहेको जग्गा समथर गर्दा र पोखरी खन्दा माटो बिक्री बितरण गरी विद्यालयलाई हानी नोक्सानी गरेको वस्तुनिष्ठ प्रमाणबाट पुष्टी भएको नदेखिंदा प्रतिवादीहरु लक्ष्मण राना र सुरेन्द्र बहादुर बोहराले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुर र प्रतिवादीहरु राजेन्द्र बहादुर भाट र धन बहादुर बिष्टले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरको मतियार भई सोही ऐनको दफा २२ को प्रतिबन्धात्मक व्यवस्था बमोजिमको कसुर गरेको भन्ने आरोप दावी पुष्टि हुन नआएको समेतबाट आरोप पत्रको मागदावी पुष्टि भएको नदेखिँदा प्रतिवादीहरु लक्ष्मण राना, सुरेन्द्र बहादुर बोहोरा, धन बहादुर बिष्ट, राजेन्द्र बहादुर भाटले अभियोग मागदाबीबाट सफाई पाउने। | मौकाको बयानलाई प्रमाणमा नलिई प्रतिबादीहरूलाई कसुरबाट सफाई दिएको ईन्साफ नमिलेको हुँदा बदरभागी रहेको।<br>घ) विद्यालय हाताभित्रको जमिन समथर गर्ने कार्यको कसुर गर्ने मुख्य व्यक्ति उक्त विद्यालयका प्रधानाध्यापक सुरेन्द्र बहादुर वोहरा र बिद्यालय व्यवस्थापान समितिका तत्कालीन अध्यक्ष लक्ष्मण राना समेत भई अर्का प्रतिवादीहरु धन बहादुर बिष्ट र राजेन्द्र बहादुर भाट समेतलाई प्रभाबमा पारी बिगत आ.व.हरुमा गरेको सरकारी तथा सार्वजनिक सम्पत्ति हिनामिना/हानिनोक्सानी गरेको कसुरमा सजाय नहुने र उमुक्ति पाउने भन्ने फैसला ठहर सरासर त्रुटिपूर्ण रहेको।<br>ङ) तसर्थ प्रतिवादीहरुउपर लगाइएको आरोप मिसिल संलग्न प्रमाणहरुबाट पुष्टि हुँदाहुँदै पनि प्रतिवादीहरुउपरको आरोप दावी पुग्न नसक्ने भनी कसुर दाबीबाट सफाई पाउने भनी गरेको बिशेष अदालतको फैसला फौजदारी न्याय र सिद्धान्तको रोहमा मिलेको नपाईदा मिसिल संलग्न प्रमाणको उचित मूल्याङ्कैन गरी प्रतिवादीहरुलाई आरोप-पत्र मागदावी बमोजिम कसुर कायम गरी सजाय हुन जिकिर लिइएको।<br>**अतः प्रस्तुत मुद्दाको मिसिल संलग्न कागज प्रमाणहरुबाट प्रतिवादीहरु कसुरदार भएको पुष्टि हुँदा हुँदै पनि प्रतिवादीहरु उपरको आरोपदावी पुग्न नसक्ने भनी कसुर दाबीबाट सफाई पाउने भई गरेको बिशेष अदालतको फैसला फौजदारी न्याय र सिद्दान्तको रोहमा मिलेको नपाईदा मिसिल संलग्न प्रमाणको उचित मुल्याकन गरी नीज सबै प्रतिवादीहरुलाई अभियोग मागदाबी बमोजिमको कसुरमा सजाय हुनुपर्ने।** |